# प्रधानमन्त्री रोजगार कार्यक्रमः सामुदायिक पुर्वाधार निर्माणका लागि एक सफल परियोजना।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ललितपुरको महाङ्काल गाउँपालिकाले जनताको जनजिवनलाई सहज बनाउन सामुदायिक पुर्वाधारको कुरालाई मध्यनजरमा राखी पालिका भरी नै आवश्यक्ताका आधारमा विभिन्न वडामा मोटरबाटो सोलिङ्, गोरेटो बाटो मर्मत, नाली निर्माण तथा ड्रेन सरसफाई गरेको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारको पहिचान गरी गाउँपालिकाले वडा नं २ को विभिन्न ठाउँहरुमा गोरेटो बाटो निर्माण तथा मर्मत कार्य गरेको हो। गाउँपालिकाले यहाँको  जनजीवन कृषि तथा पशुपालनमा आधारित रहेकोले दैनिकी रुपमा घाँस दाउरा गर्नका लागी, कृषि उत्पादन तथा दुध दैनिक रुपमा बजारसम्म पुर्याउन, साना साना बालबालिका विद्यालय जान मा यहाँको रैथाने गोरेटो बाटोको प्रयोग हुने कुरालाई मध्यनजरमा राखी ठोस्नेखोला देखि खोरभन्ज्यासम्म, काफलडाँडा, टंकको घर देखि रिंगिन दोभान सम्म, थुम्कादेखि पिपल चौर सम्म, रिंगिन दोभान देखि खावा खोला सम्म र पुरानो बस्ती देखि कागती डाँडा सम्म गोरेटो बाटो निर्माण तथा मर्मत गरेको छ।

संयोजक रुपा दुलालका अनुसार वडा नं २ मा नेपाल सरकार बजेट स्रोतबाट रोजगारी सृजना अनुदानको शीर्षक अन्तर्गत आ.व २०७९/०८० मा रु ४,७७,२०० रुपैंयाको लागतमा ३७४० मिटर गोरेटो बाटो निर्माणको काम अन्तिम चरणमा भइरहेको छ। कुल सुचिकृत बेरोजगार मध्ये यस वडामा ९ जना महिला र ३ जना पुरुष गरी १२ जना ले रोजगारी पाएका छन्। यस गोरेटो बाटो निर्माण तथा मर्मत कार्यमा भने उनीहरुले ५७ दिनको रोजगारी प्राप्त गरे।






त्यसैगरी वडा नं ६ मा IDA बजेट स्रोतबाट रोजगारी श्रृजना अनुदानको शीर्षक अन्तर्गत आ.व २०७९/८० मा रु. ४,१७,६०० रुपैंयाको लागतमा ३१२ मिटर मोटरबाटो सोलिङ्ग कार्य निर्माण सम्पन्न भईसकेको छ। यस आयोजनामा भने ३ जना पुरुष र ३ जना महिला गरी ६ जनाले १०० दिन बराबरको रोजगारी प्राप्त गरे।




 

महाङ्काल गाउँपालिकाले गाउँवासीको आवश्यक्तासँगै विपन्न वर्गको जीविकोपार्जनलाई समेत विशेष महत्वका साथ हेरी समग्र क्षेत्रको विकास गराउने उद्देश्यले काम गरिरहेको गाउँपालिकाका अध्यक्ष गणेश बहादुर के.सी. ले बताए। देश संघियतामा गएपछि बनेको स्थानीय तह र त्यसमा पनि जनताको प्रत्यक्ष सरोकार रहने हुनाले स्थानीयहरु गाउँपालिकामा आई समस्या राख्ने तर स्रोतको अभावमा कार्य सम्पादन हुन नसक्ने विद्यमान अवस्थामा सामान्य सिढि, गोरेटो बाटो मर्मत, ड्रेन सरसफाई, बाटो सोलिङ्ग नहुँदा जनताको जीवनमा परेको समस्यालाई यस कार्यक्रमले चिरेको कुरा वहाँले बताउनु भयो। प्रधानमन्त्री रोजगार कार्यक्रमले स्थानीय स्तरमा निकै सहज भएको र कार्यक्रम प्रभावकारी भएको भन्दै यसको समय बढाउन सके विकास निर्माण अझै सजिलो हुने बताउँछन्।

महाङ्काल गाउँपालिका वडा नं २ का राजकुमार सिंगारलाई पनि आफ्नै गाउँघरमा काम गर्न पाउँदा निकै राहत मिलेको छ। "हामीलाई एकदमै सहज भएको छ।" हाम्रो अलिकति बारि छ र एउटा भैंसी पालेका थियौं। रोजगार बाट आएको रकममा केही थप गरी मैले आर्को भैंसी थपे र अहिले मेरो आम्दानी बढ्यो र अहिले घर चलाउन सहज भएको छ। गोरेटो बाटो मर्मत तथा निर्माणले हामीलाई दैनिकि घाँस दाउरा गर्न, बजार सम्म

जान सहज भएको छ। छोटो र सिधा बाटो बाट आवत जावत गर्न पाउँदा हाम्रो समय पनि बचेको छ। मेरा बच्चाहरु पनि छोटो गोरेटो बाटो हिंडि समयमै सहजै विद्यालय पुगेका छन् भनी उनले भने।

महाङ्काल गाउँपालिका वडा नं ६ का अनिल सिंगार पनि आफ्नो गाउँमा मोटर वाटो सोलिङ भएकाले वर्षेनी बर्खामा आवातजावतमा दुःख भोग्ने कुराबाट मुक्त भएकोमा खुसी भएको कुरा व्यक्त गर्छन्। यहाँबाट आएको पैसाले घर चलाउन सजिलो भएको छ आफ्नो गाउँ बनेको छ। उनले भने "रोजगार नभएर त्यतिकै घर बसिरेहेको बेला काम पाउँदा राम्रो भयो यसले समाजमा जुवा तास खेली बिताउने समयको सदुपयोग भएको छ।"

महाङ्काल गाउँपालिकामा आ.व २०७९/८० का लागि १८ देखि ५९ वर्ष उमेर समुहका २२९ जना रोजगार कार्यक्रममा सूचीकृत भएका छन्। २२९ मध्ये प्राथमिकताका आधारमा यसै आर्थिक वर्षमा ४६ जनाले रोजगारी पाएको प्राविधिक सहायक चन्दन मन्डलले बताए र पालिकाको ६ वटै वडामा निर्माणको काम सम्पन्न भई ज्याला भुक्तानीको अन्तिम चरणमा रहेको पनि उनले बताए।

प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत भएकाहरुले कम्तीमा १०० दिनको रोजगारी पाउने व्यवस्था रहेको छ। बेरोजगार रहेकालाई विकास निर्माणको काममा लगाउने र भुक्तानी गरिने हुँदा ग्रामीण क्षेत्रमा यो कार्यक्रम निकै लोकप्रिय बन्दै गएको छ। ज्याला मजदुरीमा काम गर्दा सम्मान, काममा समेत महिला पुरुषको बीच ज्यालामा विभेद भइरहेको अवस्थामा यो कार्यक्रमको समान ज्याला वितरणले यो कार्यक्रम थप लोकप्रिय बनेको छ।